# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ चौमाला, कैलाली साउन ३० गते आईतवार, २०७५ साल (संख्या ५)

## भाग - ३

## गौरीगङ्गा नगरपालिका मर्मत सम्भार कोष कार्यविधि,२०७५

प्रस्तावनाः गौरीगंगा नगरपालिका रहेका सार्वजनीक सम्पदा, भौतिक संरचना, प्राकृतिक स्रोत, कार्यालय सामाग्री, उपकरण तथा सवारी साधनको समयमा नै मर्मत संम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्चमा मितव्यीता र स्रोतसाधनलाई दिगो बनाउन कार्यलाई आत्मसाथ गर्दै मर्मत संम्भारलाई व्यवस्थित, नियमन र जवाफदेही बनाउन बाञ्छनीय भएकोले

स्थानीय सरकार संचालन कार्यविधि २०७४, को तफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गौरीगङ्गा नगरपालिले यो कार्यविधि बनाई लागु गरेको छ ।

**परिच्छेद : १**

**प्रारम्भिक**

१.संक्षिप्त नाम र प्रारम्भ :

क) नामः कार्यवधिको नाम " गौरीगङ्गा नगरपालिकाको मर्मत सम्भार कार्यविधि, २०७५" रहेको छ ।

ख) प्रारम्भः यो निर्देशिका गौरीगङ्गा नगरपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "मर्मत सम्भार" भन्नाले गौरीगङ्गा नगरपालिकाको स्वामित्वमा रहेको कार्यालय तथा योजनाका सामग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधार लाई सम्झनु पर्दछ ।

(च) "शाखा" भन्नाले गौरीगङ्गा नगरपालिका अन्तर्गत रहेका शाखाहरुलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पछ ।

(ज) "उपभोक्ता समिति" भन्नाले योजना/परियोजनाबाट प्रत्यक्ष लाभान्वित जनसहभागिता मुलक पुर्वाधार विकास तथा निर्माणका लागि गठन भएको समितिलाई सम्झनु पर्छ ।

(झ)“आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने बर्षलाई सम्झनु पर्दछ ।

(ञ) “सभा” भन्नाले गौरीगङ्गा नगरपालिका सभालाई संम्झनु पर्दछ ।

(ट) “प्रमूख प्रशासकीय अधिकृत” भन्नाले गौरीगङ्गा नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संम्झनु पर्दछ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. कार्यविधिको उद्देश्यः यस गौरीगंगा नगरपालिको स्वामित्वमा रहेका कार्यालय, प्राकृतिक स्रोतसाधान तथा योजनाका सामग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधारलाई व्यवस्थित रुपले मर्मत सम्भार गरि भविष्यमा हुने ठुलो क्षतिबाट जोगाउन एवं व्यवस्थित रुपले संचालन गर्न निम्न उद्देश्य रहेको छ ।

क) नगरपालिकाको कार्यालयमा रहेका सामग्री, उपकरण र सवारी साधनको समयमै उचित र लागत प्रभावकारीता अर्थात मितव्ययी रुपले दिगो उपयोग हुने गरि मर्मत गराउने ।

ख) नगरपालिका भित्र रहेका सडक बाटो, खानेपानी, कल्भर्ट, पाटी, पौवा, पुल, पुलेसाको मर्मत संम्भार गरि सेवा प्रवाहलाई निरन्तरता दिने ।

(ग) उपभोक्ता समिति लगायत सरकारी तथा गैर सरकारी निकायहरु बाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय स्रोत साधनको व्यवस्थित परिचालन र जनसमुदायको अपनत्व वृद्धि गर्ने ।

४. कार्यविधिको प्रयोगकर्ता : यस कार्यविधिको प्रयोगकर्ता गौरीगङ्गा नगरपालिका भए पनि पुर्वाधार निर्माणका हकमा नागरिक संघ/संगठन, उपभोक्ता समिति, गैर सरकारी संस्था, निर्माण व्यवसायी समेत रहने छन ।

## परिच्छेदः२
## मर्मत सम्भार कोषको व्यवस्था र संचालन

५. मर्मत सम्भार कोष स्थापना

(१) गौरीगङ्गा नगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा योजनाका सामाग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधारको मर्मत संम्भार गरि प्रयोगमा ल्याउनका लागि एक “मर्मत सम्भार कोष” को व्यवस्था गर्नेछ ।

(२) विनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) मर्मत सम्भार कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगरसभाले विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नेपाल सरकारका निकायबाट प्राप्त रकम,

(ड) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) “मर्मत सम्भार कोष” को छुट्टै खाताबाट आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

(४) “कोषको खाता सञ्चालन” कोषको आर्थिक कारोबारको लागि प्रमूख प्रशासकीय अधिकृत तथा निजले तोकेको कर्मचारी र लेखा अधिकृतको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

६. कोषको प्रयोग : गौरीगङ्गा नगरपालिकाले स्थापना गरेको मर्मत सम्भार कोषको प्रयोग देहाय अनुसारका काममा मात्र गरिनेछ ।

क) कार्यालयका सामग्री, उपकरण तथा सवारी साधन मर्मत गराउन,

ख) नगरपालिका भित्रका पूर्वाधारहरु आपत्कालिन तथा नियमित रुपमा मर्मत संम्भारको कार्य गर्न

ग) नगरपालिका भित्रका पूर्वाधारको अवस्थाको समय समयमा निरीक्षण अनुगमन गरि मर्मत

संम्भारका लागि आवश्यक सुझाव दिन ।

घ) सार्वजनिक बाटो, पूल, पुलेसा प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोध बारे जनचेतना अभिवृद्धि गराउन,

## परिच्छेद-३
## कार्यान्वयन तथा व्यवस्था

७.कार्यान्वयन व्यवस्थापन : मर्मत संम्भार कोष मार्फत मर्मत सम्भारको कार्य निम्न अनुसार गरिनेछ ।

(१) कार्यालयका सामग्री, उपकरण र सवारी साधनको हकमा सम्बन्धित जिम्मेवार कर्मचारीले शाखाबाट माग भई आएमा ५ लाख सम्म प्रमूख प्रशासकीय अधिकृत र नगर प्रमुखको सहमतिमा र सो भन्दा माथि नगर कार्यपालिकाको स्वीकृतिमा मर्मत सम्भार गरिनेछ ।

(२) नगरपालिकावाट वा अन्य निकाय संगको साझेदारीमा सम्पन्न भएका पूर्वाधारहरुको मर्मत संम्भारका लागि सम्बन्धित शाखा वा लक्षित उपभोक्ता समिति, नागरिक संघ संगठनको मागको आधारमा ५ लाख सम्म नगर प्रमुखको स्वीकृतिमा उक्त योजना संग सम्बन्धित समुह, समिति, संघ संस्थाको न्यूनतम १० प्रतिशत साझेदारीमा मर्मत संम्भार गराईनेछ ।

(३) ५ लाख भन्दा माथिको सार्वजनिक खरिद नियम अनुसार कार्यपालिकाको स्वीकृतिमा हुनेछ ।

(४) नगरपालिकाले मर्मत संम्भारको भुक्तानी गर्दा नगरपालीकाको अनुमगन समितिको सिफारिस अनिवार्य हुनेछ ।

(५) भौतिकपुर्वाधारको मर्मत संम्भार गर्दा प्राविधीक शाखाले लागत स्टिमेट फाईल तयार गर्नु पर्नेछ ।

(६) साधनश्रोत मर्मत सम्भार गर्दा पाटपुर्जा मर्मत वा नयाँ जडान गरिएका भए सो साधनका पुराना वा फेरीएका पाटपुर्जा वा सरसमान नगरपालिकाको जिन्सी शाखामा दाखिला गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद-४
## मर्मत सम्भार कार्यनीति र प्राथमिकता

१३. कार्यनीति : यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्यीय, दिगो र समुदायको अपनत्व बनाउनका लागि देहाय कार्यनीतिहरु अबलम्बन गर्नेछ ।

१) मर्मत सम्भार कार्य गर्दा विकेन्द्रित, श्रमप्रदान वा कामदारहरुलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा व्यक्तिलाई ठेक्का दिएर गराउने ।

२) मर्मत सम्भार कार्य गर्दा श्रममूलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट र हरित सडकको अवधारणा अवलम्बन गर्न प्रयास गर्ने ।

३) स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

४) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूची तयार गर्दा सम्भाव्य वाढी, कटान, पटान क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कार्यहरुलाई बढी ध्यान दिई कार्यलाई सहज र सरल बनाउने ।

५) सडक लगायतका पूर्वाधारहरुको निर्माणकार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका उपभोक्ता समितिवाट मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने वा १ जना पुर्वाधार रेखदेख तथा मर्मत सहयोगी वार्ड कार्यालयले आर्थिक भार व्यहोर्ने गरी दैनिक ज्यालादारीमा नियुक्त गर्न सक्नेछ ।

६) नियमित मर्मत सम्भार कार्य सदैव चालु रहने छ । तर वर्षातको समयमा थप व्यवस्था गरिनेछ ।

७) आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ तर बजेटको व्यवस्था भने गतवर्षको अनुभव र खर्चलाई आधार मानी तय गरिनेछ ।

८) रोकथाम मूलक मर्मत सम्भारका हकमा भने संभावित जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्ष भित्र कुनै समयमा पनि रोकथाममूलक मर्मत सम्भारको कार्य गरिनेछ ।

## परिच्छेद-५
## विविध

१४. बचाउ र लागु हुने :

१) यस कार्यविधिमा उल्लेख भए जतीका बिषय यसै कार्यबिधि बमोजिम हुने र उल्लेख नभएको बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२) यस कार्यबिधिमा रहेका कुनै बिषय बस्तु नेपालको सबिधानसँग बाझिन गएमा बाझिएको हत सम्म स्वतः निष्कृय भएको मानिनेछ ।

आज्ञाले
वीर बहादुर शाही
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र